# केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः७ मितिः२०८०।१०।१५

भागः २

## केदारस्युँ गाँउपालिका एकल महिला समुह दर्ता तथा सञ्चालन कार्यविधि, २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०८/१८

प्रस्तावनाः

सामुहिक प्रयासबाट एकल महिलाको हित प्रवर्धन गर्न, महिलाको सामाजिक तथा आर्थिक विकास, महिलाको आय आर्जनमा वृद्री गर्न, एकल महिलाको हक , हितको रक्षा गर्न, राज्यको सयन्त्रप्रति महिलाकहरुको पँहुच स्थापित गर्न, समग्र महिलाहरुको उत्थान गरी समतामुलक समाजको निर्माण गर्न एकल महिलाहरु मात्र सदस्य रहने गरि एक टोल विकास सस्था, एकल महिला समुह गठन गरि वडा समितिको अधिनमा रहने गरि

**स्थानिय सञ्चालन ऐन, २०७४** मर्म अनुरुप स्थानिय सेवाको अधिकतम उपयोग गर्न केदारस्युले यो कार्यविधि वनाएको हो।

१. **सक्षिप्त नाम र प्रारम्भः** १) यो कार्यविधि नाम "केदारस्यु गाँउपालिकाकको एकल महिला समुह दर्ता तथा सञ्चालन कार्यविधि, २०८०" रहेको छ।

(२) राजपत्रमा प्रकाशन भएको मिति देखि यो कार्यविधि प्रारम्भ हुनेछ।

२. **परिभाषा :** विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले केदारस्यु गाँउपालिकाको अध्यक्षलाई जनाउँदछ।

(ख) "एकल महिला" भन्नाले २० वर्ष पुरा भएको ६० वर्ष नकटेको विहे गरि श्रीमानको मृत्यु भएको वा विहे नगरि बसेको महिलालाई जनाउँदछ।

(ग) "कार्यपालिका" भन्नाले केदारस्यु गाँउपालिकाको कार्यपालिकालाई जनाउँदछ।

केदारस्युँ गाउँपालिका

(घ) "गाँउपालिका" भन्नाले केदारस्यु गाँउपालिकालाई जनाउँदछ।

(ङ) "प्रमुख प्रशासकिय अधिकृत" भन्नाले केदारस्यु गाँउपालिकाको प्रमुख प्रशासकिय अधिकृत जनाउँदछ।

(च) "वडा अध्यक्ष" भन्नाले केदारस्यु गाँउपालिकाको वडा अध्यक्षलाई जनाउँदछ।

३. **उद्देश्य :** एकल महिला समुह सञ्चालनको मुख्य उद्देश्य देहाय बमोजिम रहनेछन्।

(क) विभिन्न निकायबाट प्रवाह गरिने सेवामा एकल महिलाको पँहुच अभिवृद्धी गर्ने।

(ख) महिलाहरुलाई आफ्ना हक हित र अधिकारका विषयमा जागरुक गराउने।

(ग) विभिन्न निकायबाट सञ्चालन हुने विकास कृयाकलापमा एकल महिलाको सहभागिता सुनिश्चित गर्ने।

(घ) निर्णय प्रकृयामा महिलालाई समान अवसर र अधिकार प्रदान गर्ने।

(ङ) एकल महिला समुहलाई वडा समितिको मातहतमा रहने गरि सहभागितामुलक योजना तर्जुमा, अनुगमन तथा मुल्याङ्कनमा सहभागी गराउने।

(च) सामाजिक विकृति विसङ्गति, कुरिति अन्धविश्वास, लैङ्गिक विभेद, मानसिक अपहेलना विरुद्ध आवाज जाकरुक गराउने,

(छ) एकल महिलाको सामाजिक सास्कृतिक आर्थिक शैक्षिक लैङ्गिक तथा विविध क्षेत्रमा हुने कमजोर उपस्थितिलाई पुरुषसरह पँहुचयोग्य बनाई समतामुलक समाजको निर्माणमा सहयोग पुर्याउने।

(ज) एकल महिला अधिकारमैत्री गाँउपालिकाको रुपमा पहिचान स्थापित गर्ने।

(झ) एकल महिला मैत्री लक्षित कार्यक्रम तय गर्ने।

४. **वडा स्तरीय एकल महिला समुह गठनः**(१) वडा भित्र प्रत्येक एकल महिला समुह सञ्चालन समितिको अध्यक्ष रहेको एक वडास्तरीय एकल महिला समुह सञ्चालन समिति रहनेछ।

(२) उपदफा (१) बमोजिमको एकल महिला समुह सञ्चालन समितिमा सहमतिका आधारमा अध्यक्ष तथा सदस्यहरु रहनेछन्।

(३) उपदफा (१) बमोजीमको समितिको सचिव रुपमा वडा सचिव रहनेछन्।

५. **वडा स्तरिय एकल महिला समुह सञ्चालन समितिको काम तथा कर्तव्यः**

(१) क वडा स्तरीय एकल महिला समुह सञ्चालन समितिले देहायका कार्य गर्ने छ।

(२) महिला हित हुने खालका कार्यकर्म तथा योजनाहरु माग गर्ने तथा विकास निर्माणमा वडा समितिप्रति समन्वयकारी सहजकारी भूमिका निर्वाह गर्नेछन्।

(३) वडाका प्रत्यक टोलहरुमा रहेका सवालहरु विकृतीहरु तथा विसंगतीका विषयहरुमा घनीभूत छलफल गरी निराकरणकालागि वडा समक्ष सुझाव तथा सल्लाह दिने।

(४) टोलमा हुने कुनै पनि अपराधिक घटनाहरुका विषयमा सत्य तथ्य सहित वडा तथा सम्बन्धित निकायमा जानकारी गराउने।

(५) सभ्य सुसस्कृत तथा नमुना टोल निर्माणका लागि उपाय खोजि गरी लागु गर्ने

६. **गाउँपालिका स्तरीय महिला समुह सञ्चालन समिति गठनः** एकल महिलाको आर्थिक सामाजिक लैङ्गिक सास्कृतिक मनोबैज्ञानिक एंव समग्र क्षेत्रमा समन्वयकारी भूमिका निर्वाह गर्न एक गाउँपालिका स्तरीय एकल महिला समुह सञ्चालन समिति गठन गरिने छ। जसामा देहाय बमोजिमका पदाधिकारीहरु रहनेछन्।

केदारस्यु गाउँपालिका

क) गाउँपालिका बैठकले तोकेको कार्यपालिका सदस्य मध्ये एकजना महिलाः अध्यक्ष

ख) वडा स्तरीय महिला समुह सञ्चालन समितिका अध्यक्षः सदस्य

ग) केदारस्यु गाउँपालिका अन्तर्गत सञ्चालनमा रहेका महिला सञ्जाल मध्येबाट क्रियासिल महिला सदस्यः सदस्य

घ) शिक्षा समितिमा कार्यरत माध्यामिक तहका महिला शिक्षक एक जना : सदस्य

ङ) उधोग वाणिज्य संघबाट खटाएको कृयाशिल महिला प्रतिनिधि एक जनाः सदस्य

च) विभिन्न राजनितिक दलको प्रतिनिधित्व गर्ने प्रतिनिधि दुइ जना सदस्य सदस्य

छ) महिला विकास शाखा प्रमुखः सदस्य सचिव

७. **गाउँपालिका स्तरीय महिला समुह सञ्चालन समितिको काम कर्तव्य र अधिकारः** गाउँपालिकामा गठन हुने एकल महिला समुह सञ्चालन समितिले देहायका कार्यहरुगर्नेछन

(१) एकल महिला समुहसञ्चालन समितिबाट निर्णय भई दर्ताको लागि निवेदन पेश गरेमा गाउँपालिकाले अनुसूचि २ बमोजिम मलिला समुह दर्ता प्रमाणपत्र प्रदान गर्नु पर्नेछ।

(२) एकल महिला समुह सञ्चालन समितिको विधान अनुसूची ३ बमोजिम समुहमा दर्ता गर्दा निवेदन सहित विधान अनिवार्य पेश पेश गर्नुपर्ने छ।

(३) कुनै महिला समुहले यस कार्यविधिको उद्देश्य विपरित कार्य गरेमा वा प्रचलित कानुन बमोजिम गर्न नहुने कार्य गरेमा गाउँपालिकाले जुन बखत त्यस्तो समुह खारेज गर्न सक्ने छ।

(४) दर्ता खारेज भएपछि सो स्थानमा नयाँ एकल महिला समुह गठन हुनेछ।

९. **एक टोल विकास संस्था एक महिला समुह हुनेः**प्रत्येक टोल विकास संस्थामा एक भन्दा बढी एकल महिला समुह रहने छैनन्।

१० **पुरस्कृत गर्नेः** उत्कृष्ट कार्य गरी नमुनाको रुपमा विकास एकल महिला हुने समुहलाई गाउँपालिकाले उपयुक्त अवसरमा पुरस्कृत गर्न सक्नेछन्।

११ **एकल महिला समुहको कामः** टोल विकास संस्थामा गठन हुने एकल महिला समुहले देहाय बमोजिमको कार्य गर्नेछ।

क. सरकार तथा गैर सरकारी संस्थाहरुसँगको सुमधुर सम्बन्ध स्थापित गरी महिला समुहको उत्थानमा सहजिकरण गर्ने

ख. गाउँपालिका तथा वडा बाट सञ्चालित योजनामा सक्रिय सहभागिति जनाउने

ग. एच आई भि एड्स अन्धविश्वास कुरीति रजस्वला हुदा अछुत हुने बालप्रथा वालविवाह बहुविवाह जस्तासामाजिक समस्या विकृति विसंगतिको पहिचान गरी सुधारका प्रयासहरु गर्ने।

घ. टोलमा महिला सचेतनामुलक कार्यक्रम सञ्चालन गरी सभ्य सुसस्कृत टोल समाज निर्माणमा सक्रिय भूमिका निर्वाह गर्ने।

ङ. समानतामा आधारीत पहुच समतामुलक समाज निर्माणमा जोड दिई एकल महिला अधिकारका विषयहरुप्रति सचेत एवं चनाखो हुने।

१२. **नाम जुराउनु पर्नेः** (१) यस कार्यविधि बमोजिम गठन हुने टोल विकास स्तरीय एकल महिला समुहको नाम सोही महिला समुहको निर्णय अनुसार जुराउनु पर्नेछ।

केदारस्यु गाउँपालिका

(२) उपदफा (१) बमोजिम जुराईएको एकल महिला समुहको नाम गाउँपालिका को महिला शाखामा दर्ता गर्ने क्रममा दर्ता भईसकेका अन्य महिला समुहको नामसँग बाझिएमा वा एउटै पर्न गएमा दर्ता हुन आएको नयाँ महिला समुहले पनः निर्णय गरी एउटै नाम नपर्ने गरी अर्को नाम जुराई गराउनु पर्नेछ ।

१३. **विविध :** (१) यो कार्यविधि प्रचलित संघ प्रदेश तथा केदारस्यु गाउँपालिकाले बनाएको कानुन सँग बाझिएमा बाझिएको हदसम्म बाझिएका बुदाहरु स्वतः खारेज हुनेछन् ।

(२) यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उत्पन्न भएमा गाउँपालिका गाउँ कार्यपालिका कार्यालयको निर्णय अनुसार अध्यक्षबाट बाधा अड्काउ फुकाउ गरिनेछ

केदारस्यूँ गाउँपालिका

अनुसूची १

(दफा ८ को उपदफा २ सँग सम्बन्धित)

एकल महिला समुहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदनको ढाँचा

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू।
केदारस्यु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा बझाङ।

विषयः एकल महिला समुह दर्ता गरी पाउँ।

महोदय,

प्रस्तुत बिषयमा यस केदारस्यु गाउँपालिका वडा नं ……….. को ………………. टोलमा गठन गरिएको तपसिल बमोजिम पदाधिकारीहरु रहेको ……………... महिला समुहलाई यस गाउँपालिका कार्यालयमा दर्ता / सूचीकृत गरी एकल महिला समुह प्रमाण उपलब्ध गराई दिनुहुन अनुरोध छ।

तपसिल

| सिनं | नाम थर | पद | सम्पर्क नम्बर | कैफियत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

(नोटः महिला समुह दर्ता गर्न आवश्यक कागजातहरुः भेलाको निर्णय वडा कार्यालयको सिफारिस महिला समुहलाई गाउँपालिकामा दर्ता गर्ने निवेदन)

निवेदकः
अध्यक्षको नामः
महिला समुहको नामः
ठेगानाः

केदारस्यु गाउँपालिका

अनुसूची २
(दफा ८ को उपदफा ३ सँग सम्बन्धित)
महिला समुहको दर्ता प्रमाणपत्रको ढँचा

केदारस्यु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
देउरा बझाङ्ग

दर्ता नं. मितिः

# प्रमाणपत्र

केदारस्युँ गाउँपालिका वडा नं. ....... मा गठन भएको ............................. एकल महिला समुहलाई यस कार्यालयमा मिति ...................... मा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरीएको छ। यस गाउँपालिकाका एकल महिलाहरुको हित प्रवद्धन गर्ने महिला शसक्तिकरण गर्ने विकास निर्माणमा महिलाको सहभागिता गराउने सामाजिक विकृती विसङ्गगतीका विरुद आवाज उठाउने तथा एकल महिलाहरुलाई सक्रिय र जागरुक गराउने पक्षमा यस एकल महिला समुहको उल्लेखनिय भूमिका हुने अपेक्षाका साथ उत्तरोतर प्रगतिको शुभकामना व्यक्त गर्दछु।

........................
प्रमुख प्रशासकीय अधिकृत
केदारस्यु गाँउपालिका देउरा बझाङ्ग

आज्ञाले,
पदमराज उपाध्याय
प्रमुख प्रशासकीय अधिकृत
केदारस्यु गाँउपालिका देउरा बझाङ्ग

केदारस्युँ गाँउपालिका